# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

आ.ब ०७८/७९

मिति : २०७९/०३/३१

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रेस बिज्ञप्ती

मिति २०७९/०३/२७ गतेका दिन धनगढी उप-महानगरपालिकाको नगर सभाको आठौं अधिवेशनको चौथो बैठक चलिरहेको अवस्थामा एक जना पत्रकारलाई बैठक कक्षबाट बाहीर निकालियो भन्ने समाचार प्रति यस उप-महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । नगर सभाको सबै बैठकहरुमा पत्रकारहरुलाई आमन्त्रण गरिएको र बैठकको गतिविधि सबैको सामु पारदर्शी गर्न धनगढी उप-महानगरपालिकाको आफ्नो फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरेको तथ्य सबैलाई विदितै छ । यसरी प्रत्यक्ष प्रसारण गरिरहेको अवस्थामा पत्रकारलाई निकालियो भन्ने तथ्यमा कुनै सत्यता छैन, निकाल्न पनि जरुरी छैन, त्यस्तो नियत पनि राखिएको छैन । कानूनले तोकेको बाहेक धनगढी उप-महानगरपालिकाको कुनै पनि कामकावाहीलाई लुकाउनु, छिपाउनु छैन । राज्यको चौथो अङ्ग पत्रकार जगतको सम्मानमा हामी सदैव सचेत छौं । उप-महानगरपालिकाको हरेक गतिविधिमा पत्रकार जगतसँग इमान्दारीतापूर्वक सहकार्य जारी नै रहने विश्वास दिलाउँदै, उक्त दिनको त्यस घटना कही कतै बाट हुन गएको भए सच्याउने प्रतिबद्धता सहित आगामी दिनहरुमा यहाँहरुको अमूल्य राय, सुझावको अपेक्षा गर्दै यो बिज्ञप्ती जारी गरिएको छ ।

०७९/३/३१

.................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email – Dhangadhimun2013@gmail.com